# घौवा महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

अध्यक्ष

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८२।०१।१७

**विषय : काठ दाउरा लिलाम बिक्री सम्वन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना !**

**(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।०१।१७)**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा रुखहरुको काठ दाउरा संकलन गरी घाटगद्धी गरिएका काठ दाउरा मध्ये उपभोक्ता भित्र बिक्रीको लागि छुट्याई बाँकी रहेका साल जातको गोलिया थान ११४५ को ६४९२.४३ क्यू.फिट र अन्य जातको गोलिया थान ६७ को ३८६.५१ क्यू.फि. गोलिया काठ साथै साल जातको दाउरा दाउरा १७ चट्टा र अन्य जातको दाउरा १.२५ चट्टालाई (कायम गरिएको ४ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी बोलपत्र प्रकृयावाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

**श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २८०७ मिति २०८१।१२।२५ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना**

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा कटान तर्फको घाङ्ग नं. १,२,३ र ४ | साल | A | ६ | १०६।९५ | १२५० | १३३६८४ | ३४९९८० | |
| | | | B | ३९ | ४४४।५४ | ९०० | ४०००८८ | | |
| | | | C | २६० | १२०४।२२ | ६०० | ७२२५३१ | | |
| | | | D | ९६ | २१०।४७ | ३०० | ६३१४०।२ | | |
| जम्मा | | | | ४०१ | १९६६।१७ | | १३१९४४३ | ३४९९८० | |
| लट नं. २ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा कटान तर्फको घाङ्ग नं. ५,६ र १० | साल | A | ३ | ६४।२९ | १२५० | ८०३६६।२ | २६०,३२३ | |
| | | | B | २८ | ३२०।१५ | ९०० | २८८१३२ | | |
| | | | C | १८७ | १००८।४२ | ६०० | ६०५०५३ | | |
| | | | D | २६ | ६९।६२ | ३०० | २०८८६।९ | | |
| जम्मा | | | | २४४ | १४६२।४८ | | ९९४४३९ | २६०,३२३ | |

अध्यक्ष

# घौवा महिला सामुदायिक वन उपभोक्ता समूह

अध्यक्ष

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. ३ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा कटान तर्फको थाङ्ग नं. ८,९ र १६ | साल | A | ७ | १५४।५४ | १२५० | १९३१७६ | ३१०,५६४ | |
| | | | B | ३८ | ४२३।३१ | ९०० | ३८०९७५ | | |
| | | | C | १५० | ७७१।१९ | ६०० | ४६२७१५ | | |
| | | | D | ५ | ९।१९ | ३०० | २७५६।६४ | | |
| | | बाझी | N | ३० | १९२।९६ | १०० | १९२९५।९ | | |
| | | असना | B | ९ | ८१।६१ | ३०० | २४४८२ | | |
| | | असना | C | २१ | ८५।०५ | १०० | ८५०५।१९ | | |
| | | जामुन | C | ५ | २०।४८ | १०० | २०४८।०७ | | |
| | | हर्रो | N | २ | ६।४२ | २०० | १२८३।३ | | |
| जम्मा | | | | २६७ | १७४४।७४ | | १०९५२३७ | ३१०,५६४ | |
| लट नं. ४ आ.व. ०८१।०८२ | आ.व. ०८१।०८२ को ढलापडा कटान तर्फको थाङ्ग नं. १२,१३,१४ र दाउरा | साल | A | ८ | १३१।२४ | १२५० | १६४०५० | ६१९,३१३ | |
| | | | B | ३८ | ४२९।२० | ९०० | ३८६२८० | | |
| | | | C | २१६ | १०६२।०५ | ६०० | ६३७२३० | | |
| | | | D | ३८ | ८३१।०६ | ३०० | २४९१७२ | | |
| | | साल | दाउरा | | १७ | १२००० | २०४००० | | |
| | | अन्य | दाउरा | | १.२५ | ४००० | ५००० | | |
| जम्मा | | | | | | | १४२१४७८ | ६१९,३१३ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८२/०२/०६ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८२/०२/०७ गते दिउसो ३.०० बजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट नियमानुसार लाग्ने दस्तुर ( फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. बैंक लि., सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००२५२५००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

अध्यक्ष

# घौवा महिला सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८२।०२।०९ गते दिनको १:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा वोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको वोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. वोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी घौवा महिला सा.व.उ.स.को काठ दाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल वैशाख महिना १७ गते रोज ०४ मा शुभम् ..............................।